# कालीकोट जिल्लाको नानिकोट गाविसस्थित श्री सरस्वती माध्यमिक विद्यालयको स्थानको विषयलाई लिएर भएको तालाबन्दी, झडप  र पठनपाठन बन्द भएको विषयमा गरिएको स्थलगत अध्ययन प्रतिवेदन ।




तयार गर्ने :
**बालकृष्ण बस्नेत, स.प्र. अधिकृत**
अनौपचारिक क्षेत्र सेवा केन्द्र(इन्सेक),
मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय, नेपालगंज

**अध्ययनको पृष्ठभूमि :**

कालीकोट जिल्लाको नानिकोट गाविस-६ भिट्टा र सोही गाविस-४ मयकोटका स्थानीय वासिन्दाहरु बीच श्री सरस्वती माध्यमिक विद्यालय नानीकोट राजदेव भिट्टाको स्थानको विषयमा भएको विवादको कारण सो विद्यालयमा लामो समयसम्म तालाबन्दीको कारण पठनपाठन अवरुद्ध भएको, विद्यालय संचालन गर्दा स्थानीयवासीहरुबीच झडप भई विद्यार्थी र गाउँलेहरु घाइते समेत भएको र अझैपनि विद्यालय संचालन हुन नसकी बालबालिकाहरु पढ्नबाट बञ्चित भएको भन्ने समाचार संचारमाध्यमहरुमा सार्वजनिक भएको र इन्सेक प्रतिनिधि मार्फत समेत सो थाहा हुन आएपछि अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक) क्षेत्रीय कार्यालयको संयोजनमा छ सदस्यीय मानवअधिकारकर्मीहरुको टोली घटनाको सत्यतथ्य जानकारीको लागि स्थलगत अध्ययनमा गएको थियो । अध्ययनको क्रममा टोलीले जिल्लास्थित राजनीतिक दलका प्रतिनिधिहरु, सरकारी निकायका प्रतिनिधिहरु, स्थानीय वासिन्दाहरु, विद्यार्थी, अभिभावक लगाएतका सरोकारवालाहरुसँग भेटघाट अन्तरक्रिया गर्नुका साथै विद्यालयको अवस्थाको प्रतक्ष्य अवलोकन गरी यो अध्ययन प्रतिवेदन तयार पारेको छ ।

**घटना सारांश :**

नानिकोट गाविसको वडा नं. ५ नानिकोटमा वि.स. २०१७ सालमा सरस्वती प्राथमिक विद्यालयको नाममा स्थापना भएको विद्यालय वि.स.२०२८ सालमा सोही गाविसको वडा नं. ६ को भिट्टा भन्ने स्थानमा सरेपछि निम्न माध्यमिक विद्यालय भएको थियो । सो निमाविले वि.स. २०४७ बाट अस्थाई माविको मान्यता पाएकोमा वि.स. २०५२/०५३ बाट स्थायी माविको मान्यता पाएको हो । स्थायी माविको रुपमा संचालित सो विद्यालय वि.स. २०५७ सालमा भिट्टामा भूगोल सांगुरो भएको भन्दै तत्कालीन माओवादीको अगुवाईमा सोही गाविसको वडा नं. ४ को मयकोटमा कुनै कानुनी प्रक्रिया पुरा नगरीकन बलपूर्वक सारिएको पाइयो । द्वन्द्वको अवस्थामा विद्यालय सारिएको बारेमा केही पनि बोल्न नसकेका भिट्टाका स्थानीयवासिहरुले देशमा शान्ति स्थापना भएपछिको समयमा विद्यालय पुनः माथि भिट्टामा सार्नको लागि पहल गरेको र सोही अनुरुप नेकपा (एमाले) को अगुवाईमा वि.स. २०६६ साउन २७ गते भिट्टाका जनताले मयकोटमा संचालनमा रहेका सरस्वती माध्यमिक विद्यालय द्वन्द्वकालीन माओवादीको शैलीमा नै बलपूर्वक पुनः भिट्टामा सारेको पाइयो र सो समयमा विद्यालय सार्न नदिनको लागि प्रतिकारमा उत्रिएका मयकोटका वासिन्दाहरु एमाले समर्थित भिट्टाका वासिन्दाको कुटपिटमा परी करिव एक दर्जन सामान्य घाइते समेत भए । विद्यालय बलपूर्वक माथि सारिएपछि मयकोटका बालबालिकाहरु सो स्कुलम पढन जान छाडेका थिए । विद्यालय माथि सारिएकोमा तलका वासिन्दाहरु असन्तुष्ट रहदै आएका थिए । वि.स. २०६६ कात्तिक ५ गते एमाओवादीका केन्द्रीय सदस्य भरत बमको नेतृत्वमा एमाओवादीका कार्यकर्ता र मयकोटका स्थानीयवासिन्दाहरुले भिट्टामा बलपूर्वक सारिएको विद्यालयमा तालबन्दी गरी पठन-पाठन ठप्प पारेको पाइयो । कात्तिक ५ गतेदेखिको तालाबन्दी कात्तिक अन्तिम सम्मपनि खुल्न नसकेपछि र कुनै सहमति पनि बन्न नसकेपछि जिल्ला शिक्षा अधिकारी मोतिलाल महतराले विद्यालय भएको स्थानमा नै पुगेर तालाबन्दी नखोलिकन खुल्ला चौरमा नै पढाई सुरु गर्न निर्देशन दिएको पाइयो । सोही अनरुप मंसिर १ गतेबाट विद्यालय संचालन गरिएकोमा एमाओवादीका वाईसीएल जिल्ला इन्चार्ज समेतको सहभागितामा वाईसीएल कार्यकर्ताहरु र मयकोटका स्थानीयवासिन्दाहरुले ०६६ मंसिर ८ गते विद्यालयमा आक्रमण गरी करिव आधा दर्जन विद्यार्थीहरुलाई घाइते बनाएको पाइयो । यसरी आवरणमा स्थानको विषयलाई देखिएको सो विद्यालयको विवादको आन्तरिक मामला राजनीतिक भएको बुझिएको छ । जुन विवाद अहिलेपनि जारी छ  र यो प्रतिवेदन तयारपार्दा समेत विद्यालय बन्द नै छ र विद्यालय सुचारु गर्ने सन्दर्भमा कुनै राजनीतिक सहमति बन्न सकेको छैन ।



विवादितमध्ये वडानं.४ को विद्यालय भवन ।



एमाओवादीले गरेको तालबन्दी विपरित कक्षा संचालन गरेको भन्दै तोडफोड गरिएको भिट्टास्थित सरस्वती माविको कार्यालय कोठा ।

**अध्ययनको उद्देश्य :**

- घटनाको सत्यतथ्यको बारेमा जानकारी हासिल गर्नु ।
- विद्यालयको स्थलगत अवलोकन गर्नु ।
- विवादका सम्बन्धित पक्षहरु लगाएतका सरोकारवालाहरुसँग प्रतक्ष्य भेटघाट गर्नु ।
- विद्यालयको स्थानको विषयमा उत्पन्न भएको विवादलाई सहमतिको आधारमा समाधान गर्न सरोकारवालाहरु समक्ष अनुरोध र पहलगर्नु ।
- विद्यालयमाथिको राजनीतीकरणलाई निरुत्साहित गर्दै विद्यालय शान्ति क्षेत्र हो भन्ने सन्देश प्रवाह गर्नु र अविलम्ब विद्यालयको पढाई सुचारु गराउन पहल गर्नु ।

**अध्ययन टोलीमा संलग्न सदस्यहरु :**

बालकृष्ण बस्नेत - स.प्र. अधिकृत, इन्सेक, नेपालगंज
अ.कृष्णलाल भट्टराई - अध्यक्ष, काहुराष्ट्र, बाँके
दुर्गा थापा - इन्सेक प्रतिनिधि, सुर्खेत
कालीबहादुर मल्ल - इन्सेक प्रतिनिधि, कालीकोट
मायाराम महतरा - किर्डाक, कालीकोट
शिंहबीर शाही - काहुराष्ट्र, कालीकोट

**अध्ययन विधि :**

- स्थलगत अवलोकन ।
- अन्तरवार्ता ।
- अन्तरक्रिया ।
- द्वितिय स्रोतहरु (सम्बन्धित विषयमा भएका निर्णय, उजुरीहरु, पत्रपत्रिकामा प्रकाशित समाचार आदि) को अध्ययन ।

**घटनाको सम्बन्धमा सरोकारवालाहरुको भनाइ :**

**राजनीतिक दलहरुको भनाइ :**

**धनजित शाही (सहायक जिल्ला इन्चार्ज, एनेकपा माओवादी कालीकोट) :**



सर्वप्रथमत नेपालगंजदेखि आएर विकट जिल्लाको पनि विकट गाविसमा स्थलमा नै पुगेर घटनाको बारेमा अध्ययन गर्नुभएकोमा धन्यवाद दिन चाहान्छु । सो विद्यालय पहिले नानीकोट-६ भिट्टामा संचालन हुँदै आएकामा त्यहाको भूगोल सांगुरो भएर स्थानीयस्तरको सहमतिमा सोही गाविसको वडा नं. ४ मा स्थान्तरण गरिएको हो । वि.स. २०५६ सालमा तल सारिएको सो विद्यालय १० बर्षसम्म निरन्तर तल नै चल्दै आएकोमा नेकपा एमालेको नेतृत्वमा ०६६ साउन २७ गते कुनै सहमतिविना नै बलपूर्वक विद्यालयलाई मा्थिसार्ने काम भएको हो । त्यतिवेला तलका जनताहरु दर्जनो घाइते भएका छन् । ०६६ कात्तिक ५ गते तलका जनताहरुले विद्यालय माथि सारिएको विरोधमा स्कुलमा तालाबन्दी गरेका हुन । तालाबन्दी एमाओवादीद्वारा भएको भन्ने आरोपको सन्दर्भमा सो तालाबन्दी हामी पनि त्यही भएको समयमा भएको साचो हो तर हामी हाम्रो पार्टीगत अभियानमा गएका थियो । हामी स्कुल तालाबन्दी गर्न गएका थिएनौ र हामीले स्कुल तालाबन्दी गरेको पनि होइन हामी गएको समयमा नै तलका स्थानीयवासीहरुले ताला लगाएका हुन । पछिल्लो पटक ०६६ मंसिर ८ गते भएको झडपमा एमाओवादीको संलग्नता भएको भन्ने सन्दर्भमा पनि हाम्रा साथीहरु पार्टीको अभियानमा गएका हुन । त्यहा झडप गर्न गएका हैनन र गरेका पनि छैनन् । कारण जे भएपनि विद्यालयकोा पढाई अवरोध भएकोमा हामी दुःखी छौ । पढाईमा अवरोधले निश्चित रुपमा बालबालिकाहरुमा नकरात्म असर परेको छ । हामी सो विद्यालयको समस्या समाधानको प्रयासमा लागिरहेकै छौ । जिल्ला तहमा भन्दापनि स्थानीय तहमा नै समभ्झदारी गरेर स्कुल सूचारु गर्नुपर्छ भन्ने हाम्रो जोड हो । सो गाविसका

जनताको मतको आधारमा स्कुलको स्थान चयन गर्ने, दुबै ठाउँमा नराखेर तेस्रो विकल्प खोज्ने वा तलमावि चलाएर माथि निमावि राख्ने लगाएतका समस्या समाधानका विकल्प हुनसक्छन भन्ने हामीलाई लागेको छ ।

**कुर्मराज शाही** (अध्यक्ष, नेकपा एमाले, कालीकोट) :

नानीकोट गाविस-६ स्थित सरस्वती मावि सशस्त्र द्वन्द्वको  समयमा विस्थापित भएको विद्यालय हो । तत्कालीन माओवादी



विद्रोहीहरुले द्वन्द्वको समयमा वि.स. २०५६ सालमा बलपूर्वक सो विद्यालयलाई सोही गाविसको वडानं. ४ को मयकोटमा सारेका हुन । भौगोलिक हिसावले पनि सो विद्यालय भिट्टामा नै उपयुक्त छ । सो गाविसको ४ नम्बर वडाका मानिसहरु बाहेक सवैवडावासीहरु विद्यालय नानीकोटको वडान नं. ६ को भिट्टामा नै हुनुपर्नेमा सहमति छन् । तत्कालीन द्वन्द्वको समयमा माओवादीको डर त्रासको कारण भिट्टाका जनताले विद्यालय सारेको विषयमा प्रत्रिकार गर्न नसकेको हुन । हालद्वन्द्वको अन्त्य भएको कारण ०६६ साउन २६ गते विस्थापित विद्यालयलाई पुनर्स्थापित गरिएको हो । कानुनी रुपमा पनि सो विद्यालय वडा नं. ६ को भिट्टामा नै छ । विद्यालय तल सरेपनि प्रशासन माथिबाट नै संचालित हुँदै आएको थियो ।

एकिकृत माओवादीले हाल आएर पनि विद्यालयमा राजनीति गरेर विवादको सिर्जना गरेका हुन । उनीहरुले वाईसीएल लगाएर हाम्रा पक्षका मानिसहरुलाई कुटपिट गरेका छन् । केही विद्यार्थीहरुको गम्भीर अवस्थामा हेलिकप्टरद्वारा उद्दार गरी नेपालगंज उपचारको लागि लगिएको छ । उनीहरुले उद्दारको लागि हेलिकप्टरलाई समेत बस्न नदिएर अमानवीय व्यवहार प्रदर्शन गरेका छन् । मैले हिंसा नहोस भनेर हदैसम्मको लचकता अपनाएको छु । माओवादीका साथीहरुले विद्यालय माथि सारेपछि गरेको तालाबन्दीलाई काटेर पनि विद्यालय चलाउन सकिन्थ्यो तर मैले समझदारीमा समस्या समाधान गर्ने मनाशायले त्यसो गरिन । राजदेवभिट्टाको नाममा शान्ति मन्त्रालयद्वारा प्रदान गरिएको ८ लाख रकम पनि विवादको कारण हो । जेहोस हामी बालबालिकाको भविष्यप्रति अत्यन्तै गम्भीर छौ । विद्यालयजस्तो कुरा कानुनको मात्र हवला दिएर बलपूर्वक संचालन गर्न नसकिने भएकाले हामी समझदारीको प्रयास गर्दैछौ । जिल्ला शिक्षा कार्यालय र जिल्ला प्रशासन कार्यालयले पनि विद्यालय संचालनको लागि प्रयास गर्दैछ तसर्थ चाडै नै समस्या समाधान हुनेमा हामी आशावादी छौ । दुवै ठाउँमा मावि संचालन गरेर वा तल निमावि र माथि मावि संचालन गरेर पनि समस्या समाधान गर्न सकिन्छ भन्ने हामीलाई लागेको छ ।

**हिक्मत विष्ट** (अध्यक्ष, नेपाली कांग्रेस कालीकोट ) :



विद्यालय जस्तो पवित्रस्थल राजनीतिक विवादको कारण बन्द हुने र झडप हुने अवस्था आउनु साह्रै दुःखद र निन्दनीय छ । हामीले समस्या समाधानको लागि आफ्नो तर्फबाट प्रयास गरिरहेकै छौं । एमाले र माओवादीबीचको राजनीतिक दम्भको कारण बालबालिकाको भविष्य अन्यौलमा परेको छ । समस्याको शान्तिपूर्ण र दीर्घकालीन निकासको लागि नेपाली कांग्रेसले पहल गर्ने छ । यदि सहमति हुने हो भने भौगोलिक हिसावले सो विद्यालय जहाँ राखेपनि समस्या छैन । हाम्रो भनाइ सरस्वती माविलाई भिट्टामा नै चलाएर तल मयकोटमा निमावि चलाउनु पनि विकल्प हुनसक्छ भन्ने हो । यद्यपि कानुनी हिसावले सो विद्यालय भिट्टमा नै हो । द्वन्द्वको समयमा विस्थापित भएको सो विद्यालयलाई पुनःस्थापित गर्ने समयमा प्रक्रिया पुरा नगरी बलपूर्वक नै सारियो । द्वन्द्वको समयमा विस्थापित भएका अन्य सरकारी कार्यालय पुनर्स्थापित भएकै विधि अपनाएर सो विद्यालय पनि पुनर्स्थापित गरिएको भए समस्या आउदैनथ्यो भन्ने हामीलाई लाग्छ । तर नहुनु घटना घटिसकेको छ, अवको पहल भनेको समस्या कसरी समाधान गर्ने भन्ने नै हो । दलगत विवादको कारण विद्यालयबन्द गरेर विद्यार्थीको भविष्य अन्यौलमा पार्न पाइदैन । यदि सहमतिमा नआउने र आ-आफ्नो अड्डान दुवै पार्टीले नछाडेर स्कुल बन्द नै गरिराख्ने हो भने अव मयकोट र भिट्टा दुवै ठाउँ बाहेक तेस्रो ठाउँमा सो विद्यालय चल्नुपर्दछ र विद्यार्थीले अविलम्ब पढ्न पाउनुपर्दछ । तेस्रो स्थानको लागि स्थानीयवासिन्दाहरुबीच सहमति निर्माण गर्न सकिन्छ । यसको लागि शिक्षा कार्यालय पनि तयार हुनुपर्दछ । हामी अवको सर्वदलीय वैठकमा यही प्रस्ताव राख्छौ र जसरी हुन्छ समस्याको निकास खोज्छौ ।

**नन्दबहादुर शाही (अध्यक्ष नेमकिपा, कालीकोट) :**

बालबालिकाहरु अध्ययन गर्ने विद्यालय जस्तो पवित्र स्थान राजनीतिक विवादको कारणले बन्द हुने अवस्था आउनु साह्रै नै



दुःखद हो । हाम्रो पार्टी सर्वप्रथम सरकारको नालायकीपन प्रति खेद जनाउदछ । विधिवत रुपमा देश नचलाउनुको परिणाम नै हो यो विद्यालयको घटना पनि भन्ने हामीलाई लाग्दछ । भौगोलिक दुरीको हिसावले सो विद्यालयको स्थानको विषयमा विवाद गर्नुपर्ने कुनै कारण नै छैन । बढीमा १५ मिनेटको दुरी छ विवादित वडा नं. ४ र ६ को बीचमा । भिट्टामा तत्कालीन अवस्थामा मावि विद्यालय संचालन गर्न भूगोल सांगुरो भएकै हो साथै तत्कालीन माओवादीले सो विद्यालय तल मयमा जवरजस्ती सारेको पनि सत्य नै हो । माओवादीले एकलौटी रुपमा निर्णय गरेर सो विद्यालय मयमा १० वर्षसम्म संचालन भयो । यद्यपि सो विद्यालयको प्रशासन भने भिट्टाबाट नै संचालित हुँदै आयो । यस विषयमा हाम्रो पार्टीले जिल्ला परिषदको वैठकमा पटक-पटक कुरा उठाएकै हो सो विद्यालयको बारेमा स्पष्ट निर्णय गरिनुपर्छ अन्यथा एकठाँउमा विद्यालय र अर्को ठाउँमा प्रशासन हुँदा कुनै पनि समय यसले विवाद र झडप निम्त्याउन सक्छ भनेर तर हाम्रो कुरो सुनिएन । नेमकिपाको स्थिति केन्द्रमा जस्तै हो जिल्लामा पनि यहाँ हाम्रो कुरो कसैले पनि सुन्दैनन । सशस्त्र द्वन्द्वको समयमा सो विद्यालय जस्तै देशभर धेरै सरकारी विद्यालयहरु विस्थापित भएका थिए जुन शान्ति सम्झौतापछि विधिवत रुपमा क्रमश : पुनर्स्थापित भए । सोही प्रक्रिया अनुसार यो विद्यालय पनि पुनर्स्थापित गर्नुपर्ने थियो तर एमालेले पनि द्वन्द्वकालीन माओवादी सैलीमा नै विद्यालय सार्नाले समस्या सुरु भएको हो । सो विद्यालयको विषयमा जनताको हैन दलको विवाद हो । समस्या समाधानको लागि दुवै दलले आ-आफ्नो हठ छाड्नु पर्छ । समस्या समाधानको लागि दुवै ठाउँमा मावि स्थापना गर्ने भन्ने विषयमा हाम्रो सहमति छैन । यसले गलत नजिर स्थापना गर्छ साथै सो गाविसमा एकै ठाउँमा दुई मावि संचालन गर्ने हो भन्ने अन्य वडाका जनतालाई अन्याय हुन जान्छ ।

**जयकृष्ण सञ्ज्याल (अध्यक्ष, राजमो, कालीकोट) :**

वि.स. २०१७ सालमा प्राविको रुपमा स्थापना भएको सो विद्यालय वि.स. २०२८ सालमा निमाविको भएको हो ।



स्थापनाकालमा नानीकोटमा नै रहेको सो विद्यालय वि.स. २०२९ सालमाा भिट्टामा सरेको हो । भिट्टामा सो विद्यालयलाई स्थान सांगुरो भयो भन्ने बहस पहिल्यैबाट चलेको हो । स्थान सांगुरो भएकै कारण सो विद्यालय वि.स. २०५६ सालमा सोही गाविसको वडा नं. ४ को मयमा सारियो । राजनीतिक सहमति हुने हो भने दुरीको हिसावले सो विद्यालय दुईमध्ये जुन ठाउँमा राखेपनि उपयुक्त हुन्छ । भूगोलको हिसावले पनि हाल जहा राखेपनि उपयुक्त छ । माथिका जनताले पनि जग्गा किनी सकेका छन् । विद्यालयमाथि राजनीति गरेर बालबालिकाको भविष्यमाथि खेलवाड गर्न पाइन्न भन्ने हाम्रो भनाइ हो । यदि दुवै पक्षले आ-आफ्नो अड्डानमा बसिरहने र विद्यालय बन्द गराइराख्ने हो भने सो विद्यालय विवादित दुवै ठाँउभन्दा बाहेकको तेस्रो स्थानमा सोही गाविसको गोठी भन्ने स्थानमा सार्नुपर्छ जुन दुरीको हिसावले सम्पूर्ण गाविसवासीलाई नै उपयुक्त हुनसक्छ ।

**चन्द्रबहादुर शाही (पूर्व गाविस अध्यक्ष, नानीकोट गाविस, नेकपा एमाले ) :**

म वि.स. २०४३ सालदेखि सो गाविसको राजनीतिमा सक्रिय हुदै आएको छु । २०४३ सालको गाउँ पञ्चायतको निर्वाचनमा



म सो गाविसको वडा नं. ९ बाट निर्विरोध वडाध्यक्ष चयन भएको थिए । प्रजातन्त्र पुनर्स्थापना पछि वि.स. २०४९ सालको स्थानीय निर्वाचनमा म सो गाविसको उपअध्यक्षमा र वि.स. ०५६ सालको स्थानीय निर्वाचनमा अध्यक्षमा निर्वाचित भएको थिए । वि.स. २०१७ सालमा प्राविको रुपमा स्थापना भएको सो विद्यालय स्थायी रुपमा ०३३/३४ सालतिर निमावि र २०५१/५२ सालमा मावि भएको हो । २०५६ सालको गाउँ परिषदको बैठकले विद्यार्थीहरुको अनुरोध अनुसार गाविसमा आएको ३ लाख रुपैया रकम पुरै सो विद्यालयलाई प्रदान गर्ने निर्णय गरेको थियो । सो रकम विद्यालय निर्माणमा लगाउने निर्णय बमोजिम भवन निर्माण कार्य सुरु भएकोमा तत्कालीन माओवादीले भवन निर्माण कार्य रोक्न भन्दै बनेको भवन पनि भत्काइदिए र निर्माण कार्य नरोकेमा हात काटिने धम्की दिए ।

महेन्द्र शाही 'विशाल'को नेतृत्वमा आएका माओवादीहरुले माओवादीले जहा भन्छ त्यही स्कुल बन्छ भन्दै निर्माण कार्य बन्द गराए । त्यसपछि मलाइपनि ज्यानमार्ने धम्की आएकाले म भागेर सदरमुकाम आए । यसरी सो विद्यालय द्वन्द्वको समयमा माओवादीले बलपूर्वक तल वडा नं. ४ मा सारेका हुन । शान्ति स्थापना भएपछि सो विद्यालय पुन: माथि नै सार्ने पहल हुन थाल्यो । वि.स. ०६६ बैशाखमा स्थानीय स्तरमा विद्यालय भिट्टामा नै सार्ने सहमति भयो र सो समितिको निर्णयको प्रतिलिपि जिल्ला शिक्षा कार्यालयलाई पनि पठाइयो । र ०६६ साउन २७ गते भिट्टाका स्थानीयवासीहरुको पहलमा विद्यालय भिट्टा सारेर पढाइ हुन थालेकोमा ०६६ कात्तिक ५ गते एमाओवादीका केन्द्रीय सदस्य भरत बम सहितको टोलीले गएर विद्यालयमा तालाबन्दी गऱ्यो । लामो समयसम्म विद्यालय बन्द भएपछि र सहमतिको प्रयासहरु सफल नभए पछि जिल्ला शिक्षा अधिकारीले ०६६ कात्तिक २९ गते स्थलगत भ्रमणमा गएर जसरी भएपनि विद्यालय संचालन गर्न दिएको निर्देशन अनरुप मंसिर २ गतेबाट विद्यालय संचालनमा आएकोमा एमाओवादीले जिल्लाभरका वाईसीएल कार्यकर्ताहरु र स्थानीयवासीहरुलाई समेत जम्मा पारेर विद्यार्थीमाथि आक्रमण गरी विद्यालयको संचालन ठप्प पारेका हुन । सो स्कुलको लागि वडा नं. ९ का जनताले धेरै रगत पसिना खर्चिएका छन् । हामीलाई तलपनि अर्को मावि संचालन गरेमा कुनै आपत्ति छैन तर हाम्रो सरस्वती मावि पहिलेकै स्थानमा हुनुपर्छ । भौगोलिक हिसावले पनि यो विद्यालय उपयुक्त स्थानमा नै छ । माथिका जनताले खाइनखाइ ज्याला मजदुरी गरेर सो विद्यालयको लागि जग्गा समेत किनिसकेका छन् । तसर्थ कानुनी, नैतिक, ऐतिहासिक, भौगोलिक लगाएत सबै दृष्टिकोणले सो विद्यालय नानीकोटको वडा नं. ९ भिट्टामा नै उपयुक्त छ ।

## सरकारी अधिकारीहरुको भनाइ :

**दुर्गादत्त ढकाल, प्रमुख जिल्ला अधिकारी, कालीकोट :**

म कालीकोटमा आएको दुई महिनामात्र हुनलाग्यो । नानीकोट विद्यालयको विवाद लामो समयदेखिको विवाद रहेछ । यो



विद्यालयमाथि राजनीति गरिएको घटना हो । घटनास्थलमा त म पुगको छैन तर मेरो जानकारीमा आए अनुसार दुरीका हिसावले कुनै समस्या छैन । वडा नं. ६ का जनता एमालेद्वारा र वडा नं. ४ का जनता एमाओवादीद्वारा निर्देशित छन् । सो विद्यालयको समस्या समाधानको लागि मेरै पहलमा मैले तीन पटक सर्वदलीय बैठक राखे तर समस्या समाधान हुन सकेन । विवादमा मुछिएका एमाले र एमाओवादीको आ-आफ्नै अड्डान छ । मैले आज दिउँसो (०६६ मंसिर १९ गते) पनि यसै विषयमा सर्वदलीय वैठकको लागि बोलाएको छु ।

सहमतिविना कानुनी पक्षलाई मात्र आधार बनाएर विद्यालय संचालन गर्न सकिने अवस्था छैन । थप झडपको अवस्था नआओस भन्नेमा हामी सचेत छौ । राजनीतिक सहमतिविना बलप्रयोग गरेर विद्यालय संचालन गर्ने कुरा व्यवहारिक हुन्न भन्ने मलाई लाग्छ । मैले समस्या समाधानको लागि विभिन्न विकल्पहरु प्रस्तुत गरे तर विवादित पक्षहरु आफ्नो अडान छाड्न तयार भएका छैनन् । जस्तो मैले विद्यालय कहा राख्ने भनेर चिठ्ठा हाल्ने, दुवै ठाउँमा चलाउने, एक ठाउँमा मावि र एक ठाउँमा मावि चलाउने, दुवै ठाउँमा बन्द गर्ने, तेस्रो ठाउँमा संचालन गर्नेजस्ता विकल्पहरु प्रस्तुत गरे तर कुनैमा पनि सहमति हुन सकेन । यो स्थानीयस्तरको भन्दा पनि जिल्ला तहको राजनीतिक समस्या हो । यदि जिल्लामा राजनीतिक दलहरुले सहमति गर्ने हो भने स्थानीय स्तरमा कुनै विवाद हुदैन । हामी गम्भीर भएर समस्या समाधानमा लागिरहेकै छौ तर दलहरु जिम्मेवार नभइदिदा हाम्रो मात्र प्रयासले समस्या समाधान हुनसक्ने अवस्था छैन । जेहोस हामी आशावादी छौ समस्याले चाडै निकास पाउने छ ।

**मोतिलाल महतरा, जिल्ला शिक्षा अधिकारी, कालीकोट :**

नानीकोटको सरस्वती माध्यमिक विद्यालयको समस्या सामान्य हो यसलाई राजनीतीकरण गरेर गम्भीर बनाइएको छ । जिल्ला शिक्षा कार्यालयको रेकर्ड अनुसार सो विद्यालय नानीकोट गाविस-६ भिट्टामा नै छ । विद्यालयजस्तो कुरा बलप्रयोग गरेर संचालन गर्ने भन्ने हुन्न तसर्थ हामी सकेसम्म राजनीतिक दलहरुले नै सहमतिको आधारमा समस्याको समाधान निकालुन भन्ने चाहान्छौ । भौगोलिक दुरीको हिसावले जहा राखे पनि कुनै समस्या छैन । पछिल्लो पटक विवाद सुरु भएर विद्यालयमा तालाबन्दी भएपछि समस्या समाधानको लागि पहलगर्न म आफै नानीकोट पुगेको थिए । यस विद्यालयको विषयमा विवाद आउनुको प्रमुख कारणहरुमध्ये रेडक्रसले भिट्टामा बनाइदिएको भवन पनि हो । त्यहा मात्र नभएर रेडक्रसले कालीकोटका अन्य ठाउँमा पनि जिशिकासँग कुनै समन्वय नगरी विद्यालय भवनहरु निर्माण गरिरहेको छ । यसले गर्दा स्थानीय विवाद सृजना गरेको छ । जुनसुकै निकायले पनि विद्यालयको लागि भवन निर्माण गर्दा जिशिका को सल्लाह बमोजिम गरे यस्तो विवाद आउदैनथ्यो ।



जिल्ला शिक्षा कार्यालय नानीकोट विद्यालय बन्द भएको विषयमा गम्भीर छ । विद्यालयको तालाबन्दी सहमतिमा खुल्न नसकेपछि मैले स्थलमा नै  पुगेर विद्यालय संचालन गर्न निर्देशन दिए अनुसार विद्यालय संचालन भएकोमा ०६६ मंसिर ८ गते झडप भएको हो । अवपनि सहमतिविना नानीकोटको मय र भिट्टा जुन ठाउँमा विद्यालय संचालन गरेपनि झडप हुने स्थिति । समस्या समाधानको लागि राजनीतिक दलहरु गम्भीर छैनन् । उनीहरुको दम्भको कारणले यो समस्याले निकास पाएको छैन । जिल्ला शिक्षा कार्यालय र जिल्ला प्रशासन कार्यालय दुवैले पटक-पटक यो समस्या समाधानको लागि सर्वपक्षीय वेठक राखेपनि समस्या समाधान हुन सकेको छैन । जिशिका एक ठाउँमा निमावि र एक ठाउँमा मावि राख्न तयार छ । ०६६ मंसिर २९ गते जिल्ला प्रशासनले पुनः सर्वपक्षीय वैठक राख्दैछ सो बैठकमा समस्याले निकास पाउछ भन्नेमा हामी आशावादी छौ । यद्यपि त्यौ बैठकबाट पनि समस्याले निकास पाएन भने हामी नेपाल सरकारले ठूलो स्रोत खर्चिएर राखेका शिक्षककहरुलाई खाली राख्ने पक्षमा छैनौ । हामी सो विद्यालयका शिक्षककहरुलाई अरु नै स्कुलमा पठाइदिन्छौ । विवादित दुवै ठाउमा विद्यालय संचालन गर्ने पक्षमा जिशिका छैन । अव जुनदिन विवादित पक्षहरु विद्यालयको स्थानको विषयमा सहमति तयार गरेर आउछन तवमात्र जिशिकाले विद्यालय संचालन गर्नेछ । यो कार्यालयको होइन त्यहीका जनताको समस्या हो । उनीहरु नै विद्यालय चलाउन नदिने भएपछि हामीसँग कुनै विकल्प पनि छैन । सहमति गरेर आएमात्र अव जिल्ला शिक्षा कार्यालयले अरु पहल गर्नेछ अन्यथा हामी अव त्याहाको शिक्षक कर्मचारीहरुलाई अन्यत्रै खटाउने तयारीमा छौ ।

**मदनबहादुर आचार्य, डियस्पी कालीकोट :**

यो राजनीतिक विवाद हो तसर्थ हामीले यस विषयमा केही बोल्ने कुरा नै छैन । तपाईंहरुले पनि वास्तविकता बुझिसक्नु भएको छ । नागरिकको मात्र रुपमा बोल्ने हो भनेत मैले पनि बोल्ने कुराहरु धेरै हुनसक्छन तर प्रहरी अधिकृतको नाताले राजनीतिक विवादको विषयमा केही बोल्न सकिने अवस्था छैन । जेहोस यो क्रितिम विवाद हो । कुनै कलकारखान चलायजस्तो विद्यालयलाई सुरक्षाकर्मीको सहयोगमा चलाउने भन्ने हुन्न । तसर्थ सो विद्यालय चलाउनको लागि राजनीतिक सहमतिको जरुरी छ । विद्यालयजस्तो ठाउँमा समेत राजनीतिको गर्ने हामी नेपालीको संस्कारलाई के भन्ने र खै ?



## स्थानीयवासीहरुको भनाइ :

**मन्नामे सार्की, नानीकोट-४, मयकोट :**

म वि.स. २०१७ सालदेखि समाजसेवामा क्रियाशिल छु । नानीकोटमा सो विद्यालय स्थापना गर्ने समयमा गाउँमा चन्दा उठाएर  संचालन गऱ्यो । हामीले घर-घरबाट चामल उठाएर विद्यालय संचालनमा योगदान गरेकै हौ । चन्द्रबहादुर शाही गाविस अध्यक्ष भयको समयमा गाविस परिषदले निर्णय गरेर नै विद्यालय तल सारिएको हो । तर पछि किन फेरि रातको समयमा महिला, वृद्धा र विद्यार्थीहरुलाई कुटपिट गरेर जवरजस्ती विद्यालय माथि सारियो । उनीहरुले ०६६ साउन २७ गते जवरजस्ती विद्यालय सार्नेक्रममा तलका १७ जना घाइते भएका छन् ।

**जयराम टमाट्टा, नानीकोट-४, मयकोट :**

विवादित विद्यालय पहिले नानीकोटमा थियो । वि.स. २०३० सालतिर नानिकोटबाट भिट्टामा सारिएको हो । वि.स.२०५७ साल पुस २५ गते गाउँ परिषदको बैठकले भिट्टामा विद्यालयलाई ठाउँ सांगुरो भएको भन्दै मयकोटमा सार्ने निर्णय भएको हो । सोही अनरुप सो विद्यालय तल सारेर विद्यालय तल नै संचालन हुँदै आयो । नौ वडाका प्रतिनिधिहरुको उपस्थितिमा भएको तत्कालीन परिषदको बैठकले निर्णय गरेबमोजिम मयकोटमा विद्यालय संचालन गर्ने सहमति भएर तलको विद्यालयको शिलान्यास समेत तत्कालीन गाविस अध्यक्ष( एमालेबाट निर्वाचित) चन्द्रबहादुर शाहीबाट नै भएको हो । विद्यालय व्यवस्थापनको अध्यक्ष, विद्यार्थी र अभिभावकहरुको संयुक्त प्रयासद्वारा सो विद्यालय मयकोटमा संचालन भएको हो । वि.स. २०५८ सालको बैशाखमा मयकोटमा मावि संचालन भयो । ०६३ सालमा बसेको नानिकोटको १६ओ गाउँ परिषदको बैठकमा सो विद्यालयको स्थान किटान हुनुपर्‍यो । विद्यालयको नाममा जग्गाको पूर्जा हुनुपर्‍यो भन्ने कुरा उठ्यो र पुरा एकदिन सो विषयमा छलफल हुँदा सो विद्यालय श्री सरस्वती मावि मयकोट, नानिकोटको नाममा मयकोटमा राख्ने निर्णय भयो । जसी टमाट्टाले विद्यालयलाई जग्गा पनि प्रदान गरे । ०६४ सालको १७ औ गाउँ परिषदको बैठकले विद्यालयलाई ३ लाख रकम छुट्टायका भएपनि सो रकम फिज भयो । फेरि पनि गाविसले ३ लाख रुपैया छुट्याायको छ । युद्धकालमा निर्माण गर्न सकिएन शान्ति स्थापनापछि हामीले विद्यालय निर्माणको लागि माग गरेअनरुप शान्ति मन्त्रालयले सरस्वती मावि मयकोटको नाममा ८ लाख रुपैया विनियोजन गरेको छ ।



विद्यालयमा भएको झडप र विवादको विषयमा स्थानीयवासिन्दाहरुसँग जानकारी लिदै अधिकारकर्मी ।

त्यतिवेला नै विद्यालयको प्रशासन वेग्लै गराउने र कक्षा १ देखि ५ सम्म भिट्टामा र कक्षा ६ देखि २० सम्म मयकोटमा विद्यालय संचालन गराउने सहमति भएको हो । जसमा विद्यालय व्यवस्थापन, अभिभावक, विद्यार्थी लगाएत सबैको सहमति थियो । त्यतिवेला देखि नै सो विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष जयदेव संज्याल हुनुहुन्छ । विद्यालय निर्माणको लागि छुट्याइएको ११ लाख बजेटमध्ये प्रावि भिट्टाले पनि दावि गरेकोछ । पछिल्लो विवादको सम्बन्धमा ०६६ साउन २६ गते राति कुनै जानकारी विना नै एमालेका चन्द्रबहादुर शाही र छक्कबहादुर शाहीको नेतृत्वमा आएको करिव २/३ सयको संख्यामा आएका मानिसहरुले विद्यालयको सम्पूर्ण समानहरु उठाएर लगे । साथै त्यतिवेला उनीहरुले गरेको आक्रमणमा मयकोटका गोरीकला टमाटा, जयराम टमाटा, नन्दे टमाटा, गौरी टमाटा, पनिसरा टमाटा, तुलसे टमाटा, हरिमले कामी, लिला कामी, रानीपुरा टमाटा, दुधा सार्की, विउरा टमाटा, कल्से टमाटा, पाथे टमाटा, डम्मरे टमाटा, हरिन्द टमाटा लगाएतका दर्जनौ स्थानीयवासीहरुलाई घाइते बनाइयो ।

**टेकबहादुर शाही, भूतपूर्व विद्यालय व्यवस्थापन, अध्यक्ष, नानीकोट-३ :**

यो विद्यालय मिडिल स्कुल नानीकोटमा संचालित थियो । पछि ०२८/०३० सालतिर भिट्टामा सारीए पछि निमावि भयको हो । २०४५/०४६ सालतिर मावि चलाउनको निम्ति पहल भयो र अस्थाइ माविको स्वीकृति भयो । वि.स. २०५० सालमा यस विद्यालयले स्थायी माविको स्वीकृति पाएको हो । २०५७ सालको गाउँ परिषदमा तत्कालीन गाविस अध्यक्ष र विद्यालय व्यवस्थापन अध्यक्ष कर्णबीर टमाटा थिए । उहाहरुको समेत सहमतिमा विद्यालय तल सारिएको हो । तर ०६६ साउन २६ गते राति एक्कासी गुण्डा प्रयोग गरेर बलपूर्वक विद्यालय माथि सार्ने काम भएको हो । सहमति गर्ने हो भने हामी कक्षा ८ सम्म भिट्टामा र ९ र १० मयकोटमा संचालन गर्न तयार छौ ।

**रंगबीर टमाटा, अध्यक्ष बालक्लब, सरस्वती मावि :**
भूगोल, गाविसको केन्द्र, जनसंख्या, जनमत आदि सबैको आधारमा सरस्वती मावि मयकोटमा नै हुनुपर्छ । यदि यसमा सहमति बन्न सक्दैन भने अभिभावक, विद्यार्थी र विद्यालय व्यवस्थापन समिति सबैको भेला गराएर बहुमतको आधारमा निश्कर्ष निकालेर तुरुन्त विद्यालयको पठनपाठन सुचारु गरिनु पर्दछ ।

**परेकबहादुर शाही, नानिकोट-६, भिट्टा :**
यो विद्यालय वि.स. २०१७ साल असारबाट नानिकोटमा प्राविको रुपमा स्थापना भएकोमा त्यही निमावि सम्मको पढाइ सुरु भैसकेको थियो । सो निमावि २०२७ सालमा भिट्टामा सरेको हो । २०५० सालमा स्थायी माविको स्वीकृति पनि प्राप्त भयो यद्यपि माविको रुपमा अस्थाई स्वीकृति ०४३ सालबाट नै हो । यस हिसावले ०४३ सालदेखि ०५६ सालसम्म सरस्वती मावि भिट्टामा नै चल्यो । वि.स. ०५५ सालमा गाउँ परिषदको बैठक चलिरहेको बेलामा विद्यार्थीहरुले गाविस घेराउ गरी विद्यालयको लागि रकम माग गरेपछि ३ लाख रकम स्कुललाई छुट्टयाइयो । सो रकमबाट विद्यालय निर्माण सुरु गर्दा प्रेम शाहीको नेतृत्वमा आएका तत्कालीन माओवादीहरुले निर्माण गर्न दिएनन् र विद्यालय तल मयकोटमा सारियो तर प्रावि भने माथि नै संचालन भैरह्यो । दुवै ठाउँको प्रशासन भने सरस्वती मावि भिट्टाकै नाममा यसबीचमा चलिरहेको हो । ०६६ साल बैशाख २३ गते बसेको आमभेलाले सरस्वती मावि मयकोटमा राम्रोसँग चलाउन नसकेकाले भिट्टामा नै सार्नुपर्छ भन्ने निष्कर्ष निकाल्यो । सोही अनरुप वडा नं. ४ बाहेक सवै वडाका जनताले चन्दा उठाएर भिट्टामा जग्गा किन्यौ । यसबीचमा अरुपनि बैठकहरु बसे तर सहमति हुन सकेन । ०६६ साउन २७ गते विद्यालयको आवश्यक कागजातहरु हामीले माथि ल्यायौ । समस्या समाधानको लागि भनेर थिर्पुबाट प्रहरी सइको नेतृत्वमा सातजना र रायकोटबाट चार जनाको प्रहरीटोली आयर सातदिन बस्दा पनि कुने निर्णय हुन सकेन । सदरमुकाम मान्मबाट तलमाथि दुवैका चार-पाँच जना प्रतिनिधिलाई बोलाइए पनि तलकाले जान इन्कार गरे । ०६६ कात्तिक ५ गते एमाओवादीका केन्द्रीय सदस्य भरत बम, गोरिकला, दुर्गाबहादुर रावत आएर भिट्टामाविमा तालाबन्दी गरियो । तालाबन्दी खोलाउन ०६६ कात्तिक २९ गते जिल्ला शिक्षा अधिकारी स्वयम आउदा पनि सहमति हुन सकेन । त्यसपछि जिशिअ मोतिलाल महतराद्वारा तालाबन्दी नखोलीकन खुल्ला चौरमा नै पढाई सुरु गर्नु भन्ने निर्देशन भयो र सोही अनरुप पढाई सुरु गरिएकोमा ०६६ मंसिर ८ गते कर्णबहादुर भण्डारीको नेतृत्वमा हातहतियार सहित आएका करिव २ सय एमाओवादीका कार्यकर्ताहरुले अन्धाधुन्द आक्रमण गरे । सो दिनको आक्रमणमा भुपेन्द्र शाही, पदमराज शाही, उर्पशना ऐडी, गमा शाही, समिता शाही, शर्मिला शाही, गगन शाही, शंकर शाही, प्रेम ऐडी लगाएतकालाई नियन्त्रणमा लिएर कुटपिट गरियो । विद्यालयको कार्यालय कोठा तोडफोड गरियो । विकाशले कुटने आदेश दिएपछि वाईसीएलका जिल्ला इन्चार्ज ऐनबहादुर शाहीले लाठ्ठीले जथाभावी कुटपिट सुरु गरेका हुन ।


विवादित विद्यालयको चौरमा अधिकारकर्मीहरु स्थानीयवासिन्दासँग विवादको विषयमा जानकारी लिदै ।

**छत्रबहादुर शाही, नानिकोट-६ भिट्टा :**
यो विद्यालय ०५६ सालको गाउँ परिषदले निर्णय गरेर मयकोटमा सारको भन्ने कुरा गलत हो । विद्यालय भवन पुरानो भयो नयाँ बनाउनु पर्छ भनेर गाविसवासीहरुले भनेका हुन । माओवादीले कुनै सहमतिविना माथि विद्यालय निर्माण गर्न नदिएर तल सारेका हुन । भिट्टामा सो विद्यालयको नाममा दुई विगाहा जमिन छ । विद्यालयको नाममा आठओटा लालपुर्जा छन् ।

**मनऋषि सन्ज्याल, नानीकोट- ७ :**
नानिकोट गाविसको सबै वडालाई पायक पर्ने स्थान भनेर नै सहमतिमा नै सो विद्यालय वडा नम्बर ४ मा सारिएको हो । सो विद्यालय मयकोटमा नै हुँदा सबैलाई उपयुक्त हुन्छ भन्ने मलाई लागेको छ ।

**रंगवीर टमटा, विद्यार्थी कक्षा-१० :**

विद्यालयको विषयमा भएको सम्पूर्ण विवाद र घटनाको जिम्मेवारी नेकपा एमालले लिनुपर्दछ । विद्यालय मयकोटबाट भिट्टामा सारिएमा हामी पढन जादैनौ । सत्ताको बलमा विद्यालय सार्न पाइदैन । यदि विद्यार्थीको हितलाई ध्यान दिने हो भने मयकोटमा नै विद्यालय संचालन हुनुपर्दछ ।

**महेश शाही, विद्यार्थी कक्षा ९ :**
वाईसीएल र माओवादीको दादागिरीले सशस्त्र द्वन्दको क्रममा र अहिले पनि जबरजस्ती वडा नम्बर ४ मा विद्यालय सारेर हामीहरुको भविष्य अन्धकार पारिएको छ । विद्यालयको सम्पूर्ण विवाद माओवादीको कारणले भएको हो । सो विद्यालय भिट्टामा नै हुनपर्छ । गुण्डागर्दी गरेर विद्यालय सार्न पाइदैन ।

**परेकबहादुर शाही, नानीकोट–६ :**
एमाओवादकिो निर्देशनमा वडानं. ४ मयकोटका वासिन्दाहरुले विद्यालयको विषयमा विवादको सुरु गरेका हुन । यदि देशमा कानुन छ भने राज्यले कानुनी रुपमा मान्यताप्राप्त सो विद्यालयलाई भिट्टामा नै संचालन गर्नुपर्दछ । कसैले विवाद र झडप गर्दैमा सरकारले विद्यालय सार्न दिने निर्णय गर्नुहुदैन । कुनै पनि हालतमा हामी सो विद्यालय भिट्टामा नै संचालन गर्दछौ ।

## अध्ययनबाट पाइएको तथ्यहरु :

- आजभन्दा ४९ वर्ष अगाडि प्राथमिक विद्यालयको रुपमा नानिकोट गाविस-५ नानिकोटमा श्री सरस्वती प्राथमिक विद्यालयको नाममा स्थापना भएको सो विद्यालय वि.स. २०२८ सालमा सोही गाविसको भिट्टामा सरेर निम्न माध्यमिक विद्यालयको रुपमा संचालन भएको बुझियो ।
- वि.स. २०४७ सालबाट अस्थायी माध्यमिक विद्यालयको मान्यता पाएको सो विद्यालयले वि.स. २०५२ सालबाट स्थायी माविको रुपमा मान्यता पाएको पाइयो ।
- वि.स. २०५७ सालमा सो विद्यालय भिट्टामा भूगोल सांगुरो भएको भन्दै तत्कालीन माओवादीको अगुवाइमा नानिकोट गाविसको भिट्टाबाट सोही गाविसको वडा नं. ४ मयकोटमा सारिएको पाइयो ।
- मयकोटमा सारिएपछि सो विद्यालयलाई मयकोट प्राविमा गाभिएको र भिट्टामा प्रावि तहको पढाइमात्र संचालन हुदै आएको पाइयो ।
- विद्यालय मयकोटमा सारिएपनि कानुनी रुपमा सरस्वती मावि भिट्टामा नै रहेको र सो विद्यालयको सम्पूर्ण प्रशासनिक कामहरु सरस्वती मावि भिट्टाकै नाममा चलिरहेको पाइयो ।
- द्वन्द्वको समयमा भिट्टाका जनतालो विरोध गर्न नसकेको र शान्ति स्थापनापछि पनि एमाओवादीको नेतृत्वमा सरकार छउञ्ज्याल यस विषयमा कुनै कुरा गर्न नसकेको पाइयो ।
- सो विद्यालयलाई पुनः भिट्टामा सार्ने भन्ने विषयमा वि.स. ०६६ बैशाख महिनाबाट पहल सुरु भएको र सोही अनरुप वि.स. ०६६ बैशाख ३१ गते सो गाविसमा जनभेला गरी सो विद्यालय द्वन्द्वको समयमा मयकोटमा विस्थापन भइ संचालन हुँदै आएकोमा त्यहाँ प्रभावकारीढंगबाट सो विद्यालय संचालन हुन नसकेको कारण सो विद्यालयलाई पुनः भिट्टामा नै सारी संचालन गर्ने भनी लिखित निर्णय गरेको र सो निर्णयमा एमाओवादीका प्रतिनिधिको समेत हस्ताक्षर रहको पाइयो ।
- गाउँ तहमा विद्यालय सार्ने निर्णय भएपनि जिल्लातहमा कुनै पनि सहमतिको प्रयास नभएको पाइयो ।
- वि.स. ०६६ साउन २७ गते नानिकोट-६, भिट्टाका एमाले समर्थित स्थानीय जनताहरुले कुनै सहमति विना नै वलपूर्वक द्वन्द्वकालीन माओवादीकै जस्तो रवैया अपनाएर विद्यालय माथि सारेको पाइयो ।
- विद्यालयका सामाग्रीहरु भिट्टामा सारी साउन २८ गतेबाट भिट्टामा नै विद्यालय संचालन गर्न थालेको बुझियो ।
- मयकोटबाट भिट्टामा विद्यालय सार्नेक्रममा दुवै ठाउँका वासिन्दाबीच झडप हुँदा मयकोटका करिव १ दर्जन मानिसहरु सामान्य घाइते भएको पाइयो ।
- सो विद्यालय भिट्टामा सारे पछि मयकोटका विद्यार्थीहरु सो विद्यालयमा पढ्न जान छाडेको पाइयो ।
- वि.स.०६६ कात्तिक ५ गते नेकपा एमाओवादीका केन्द्रीय सदस्य भरत बमको नेतृत्वमा गएका माओवादी समर्थित स्थानीयवासिन्दा र कार्यकर्ताहरुले सो विद्यालयमा तालाबन्दी गरेको पाइयो ।

- तालाबन्दी पछि पठनपाठन बन्द रहेको सो विद्यालयमा कात्तिक २९ गते जिल्ला शिक्षा अधिकारी स्थलगत अध्ययनमा गइ तालाबन्दी खुलाउने विषयम सहमति नहोउञ्ज्यालका लागि चौरमा नै पढाइ संचालन गर्दै गर्नु भन्ने निर्देशन भए बमोजिक ०६६ मंसिर १ गतेबाट विद्यालयको पढाइ चौरमा नै सुरु गरेको पाइयो ।
- आफूहरुको विरोधको वेवास्ता गरेको भन्दै एमाओवादीले वाईसीएल जिल्ला इन्चार्ज ऐनबहादुर शाही समेतका वाईसीयल लगाएतका माओवादी कार्यकर्ता र एमाओवादी समर्थित स्थानीयवासिन्दाहरुले ०६६ मंसिर ८ गते विद्यालयमा आक्रमण गर्दा भएको झडपमा भिट्टाका ६ जना घाइते भएको त्यसमध्ये भुपिन्द्र शाही, पदमराज शाही, उर्पशना ऐडी गम्भीर घाइते भएकाले थप उपचारको लागि नेपालगंज ल्यायको पाइयो ।
- विद्यालयको समस्या समाधानको लागि जिल्ला तहमा जिल्ला प्रशासन कार्यालयले ४ पटक राखेको सर्वदलीय बैठकले समस्याको निकास दिन नसकेको पाइयो ।
- हाल सो विद्यालयमा कक्षा ६ मा ६४, ७ मा ५२, ८ मा ५४, ९ मा ७६ र कक्षा १० मा ८१ गरी कूल ३ सय २७ विद्यार्थी अध्ययनरत रहेको पाइयो ।
- सो विद्यालयको समस्या राजनीतिक रहेको र एमाले र एमाओवादीको राजनीतिक विवादको कारण समस्या गम्भीर हुँदै गएको पाइयो ।
- भौगोलिक दुरीको हिसावले सो विद्यालय सहमतिमा जुन ठाउँमा राखेपनि उपयुक्त हुने देखिन्छ ।
- विद्यालयको विवाद पूर्णतया राजनीतिक भएपनि पछिल्लो समयमा विवादले जातीय रुप समेत लिएको पाइयो ।
- तत्कालीन अवस्थामा भिट्टामा भूगोल सांगुरो भएको कारण सो विद्यालय मयकोटमा सारिएको भएपनि विधि र प्रक्रिया पुरा नगरेको पाइयो ।
- विद्यालयको विषयमा भएको पछिल्लो विवादको निमित्त एमाले र एमाओवादी उत्ति नै दोषी रहेको पाइयो ।
- विवादको मुख्य जड एमाले र एमाओवादीको आ-आफ्नो अड्ान रहेको पाइयो ।
- एमाले र एमाओवादी दुवैले अवस्था अनुसार विद्यालयको विषयमा भएको विवादमा भौतिक आक्रमण गरेको पाइयो ।
- बालबालिकाहरुको भविष्यप्रति दुवै राजनीतिक दलहरु गम्भीर नभएको पाइयो ।
- जिल्लास्तरमा राजनीतिक सहमति भएमा सो विवादले निकास पाउनसक्ने अवस्था रहेको पाइयो ।
- सहमतिविना स्कुल तल वा माथि जहा संचालन गरेपनि झडप हुने र अपृय घटना घट्न सक्ने अवस्था रहेको पाइयो ।
- समस्याको समाधान कानुनी रुपमा मात्र हुन नसक्ने  भएकाले राजनीतिक सहमति हुन आवश्यक रहेको पाइयो ।
- सो विद्यालयको स्थानको विषयलाई लिएर भएको विवादलाई एमाओवादी र एमालेले राजनीतिक हारजितको रुपमा लिएका बुझियो ।

सुझाव/अनुरोध :

- विद्यालयको विवादको विषयलाई राजनीतिक रंग दिनु नहुने ।
- सहमति र संवादद्वारा समस्याको समाधान गरिनुपर्ने ।
- अविलम्ब सहमति जुटाई विद्यालय संचालन गरी बालबालिकाहरुको निर्वाध रुपमा पढ्न पाउने अधिकारको सम्मान गर्नुपर्ने ।
- व्यवहारिक रुपमा विद्यालयलाई शान्ति क्षेत्र हो भन्ने प्रमाणित गर्नको लागि विद्यालय र विद्यार्थीमाथि आघात पुग्ने सवै किसिमका क्रियाकलाप बन्द गरिनुपर्ने ।
- जिल्ला प्रशासन कार्यालय र जिल्ला शिक्षा कार्यालयले विद्यालय सुचारु गर्नको निम्ति थप तदारुकता देखाउनु पर्ने ।
- विवादित पक्ष एमाले र एमाओवादी बाहेकका राजनीतिक दलहरुले पनि समस्या समाधानको लागि पहल गर्नुपर्ने ।
- देश संक्रमणकालीन अवस्थाबाट गुज्रिरहेको सन्दर्भमा निरपेक्ष रुपमा कानुनको मात्र कुरा भन्दा पनि विधि र कानुनको सम्मान गर्दै राजनीतिक सहमति समेत निर्माण गरी समस्याको समाधान खोजिनुपर्ने ।
- विद्यालयको विवादको निकास राजनीतिक रुपमा अविलम्ब खोजिगर्नुपर्ने र विद्यालयपनि सुचारु गर्दै गर्नुपर्ने ।
- दुवै पक्षले भौतिक आक्रमण बन्द गर्नुपर्ने ।
- राजनीतिको बहानामा कुनैपनि राजनीतिक दलहरुले गाउँलेहरुको आपसी भाइचारा र सदभाव खलबलिने र हिंसाले पश्रय पाउने किसिमको गतिविधि गर्नु नहुने ।

- जिल्लास्तरका मानवअधिकारकर्मी संघ-संस्था, बुद्धिजिबी र संचारकर्मीहरुले पनि समस्याको समाधानको निम्ति स्वतन्त्रपूर्वक पहल गर्नुपर्ने ।
- जिल्ला तहको राजनीतिक नेतृत्व विद्यालय बन्द भएको विषयमा गम्भीर भइ समस्याको यथाशिघ्र निकास खोज्नुपर्ने ।

**निष्कर्ष** :

मानवअधिकारको विश्वव्यापी मान्यता, बालअधिकार सम्बन्धी महासन्धि, नेपालको अन्तरिम संविधान २०६३, नेपालका अन्य प्रचलित कानुन, विद्यालय शान्ति क्षेत्र हो भन्ने मान्यता आदि सबैको आधारमा विद्यालय जस्तो पवित्र थलो जुनसुकै कारणले जोसुकैले बन्द गरी पढाइमा अवरोध गरेपनि त्यो दुःखद र निन्दनीय हो । बालबालिका र राष्ट्रको भविष्यसँग सीधा सम्पर्क रहेको विद्यालय कुनैपनि हालतमा निर्वाध रुपमा संचालन हुनु पाउनुपर्दछ । यद्यपि कालीकोट जिल्लाको नानिकोट गाविसमा स्थित श्री सरस्वती माध्यमिक विद्यालय एमाले र एमाओवादीको राजनीतिक विवादको कारण बन्द हुन पुगेको र विद्यालय संचालनको विषयलाई लिएर भौतिक आक्रमण र झडप समेत भएको पाइयो । राजनीतिक दम्भ र अड्ानको कारण माविस्तरको विद्यालय महिनौं सम्म बन्द रहदा पनि विवादित पक्ष र जिल्लाका अन्य राजनीतिक दल र सरकारी निकय लगाएतका सरोकारवालाहरु पर्याप्त मात्रामा समस्या प्रति गम्भीर भएको पाइएन । सो विद्यालयको विवाद विल्कुल राजनीतिक विवाद हो र राजनीतिक सहमतिविना सो विद्यालय संचालन गर्दा थप अपृय घटना हुनसक्छ भन्ने अनुगमन टोलीको ठहर छ । साथै जिल्लास्तरमा राजनीतिक सहमति भएमा सो विद्यालयको विवादले निकास पाउनसक्छ भन्ने पनि टोलीको बुझाइ छ । तसर्थ जिल्ला स्तरमा अविलम्ब राजनीतिक सहमति गरी सो विद्यालयको विषयको विवादलाई दीर्घकालीन रुपमा समाधान गर्नुपर्ने देखिन्छ । र विद्यालयलयको विवादको विषयमा सहमति नहुञ्ज्याल तलमाथि जहा भएपनि विद्यालयको पढाइ संचालन गर्दै गर्नुपर्ने देखिन्छ ।

**अनुसूचि १** : सरस्वती मावि भिट्टामा संचालन गर्नको लागि प्रदान गरिएको स्थायी स्वीकृतिको प्रतिलिपी ।



श्री सरस्वती [illegible] विद्यालय
भिट्टा—[illegible], कालीकोट

प.सं. ०६६/०६७
च.नं. [illegible]

मिति :- २०६६।४।२८

विषय :- जानकारी सम्बन्धमा

श्री :- [illegible]
जिल्ला शिक्षा कार्यालय कालीकोट

[illegible]

बोधार्थ
१. जिल्ला प्रशासन कार्यालय कालीकोट
२. जिल्ला शिक्षा कार्यालय कालीकोट
३. [illegible] कालीकोट

[signature]
प्र. Headmaster

**अनुसूचि २** : सरस्वती मावि ०६६ साउन २७ गते पुन : भिट्टामा सारेपछि जिल्ला शिक्षा कार्यालयलाई गराइएको जानकारी पत्र ।

श्री ५ को सरकार

फोन– ४६३१६

शिक्षा, ~~संस्कृति तथा समाज कल्याण मन्त्रालय~~

जिल्ला शिक्षा कार्यालय

~~आधारभूत तथा प्राथमिक शिक्षा परियोजना एकाई~~

कालिकोट

पत्र सं.:

च.नं.: 833

मिति:–२०५२।११।१९

विषय : माध्यमिक विद्यालय स्वीकृत गरिएको

श्री सरस्वती माध्यमिक विद्यालय

त्रिह्वा ;नानीकोट कालीकोट

उपर्युक्त विषयमा त्यस विद्यालयलाई मा. वि. चतुर्थ श्रेणी को राहत शिक्षक दरबन्दी २.(दुई) र मा. चतुर्थ श्रेणी का शिक्षक दरबन्दी २.(दुई) गरी जम्मा मा. वि. चतुर्थ श्रेणी ४(चार) शिक्षक दरबन्दी कायम गरिएको हुँदा क्षेत्रीय निर्देशनालय ( वि. प्र शाखा ) म. प. विरेन्द्रनगर सुर्खेत को प.सं. १८६।२०५२।०५३ च. नं. १२३३ मिति २०५२।११।२को प्राप्त पत्रानुसार शैक्षिक सत्र ०५२।०५३देखि लागु हुने गरी माध्यमिक वि विद्यालय संचालन को लागि स्थायी स्वीकृती प्रदान गरिएको छ।

(लखन कुमार थापा )

बोधार्थ

श्री शिक्षा मन्त्रालय (वि. प्र. शाखा)
केशरमहल काठमाडौं ।

श्री क्षेत्रीय निर्देशनालय (वि.प्र.शाखा )
म. प. विरेन्द्रनगर (सुर्खेत।

श्री लेखा फाट
जि. शि. का. कालीकोट

अनुसूचि ३ : जिल्ला शिक्षा कार्यालयद्वारा तालबन्दी गरिएको विद्यालयमा पढाइ सुरु गर्न भनी काटिएको पत्र ।

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
# जिल्ला शिक्षा कार्यालय
कालिकोट

फोन नं.०८७-४४०११६

पत्र संख्याः ०६८।०६९
चलानी नम्बरः २५४

मितिः २०६८।८।१५

विषयः विद्यालय संचालन गर्ने बारे ।

श्री प्रधानाध्यापकज्यू
सरस्वती मा. वि. नारीकोट

—— x ——

प्रस्तुत विषयमा श्री सरस्वती मा० वि० नारीकोट आन्तरिक विवादका कारण केही दिन यता ताला बन्दी गरिएको भन्ने जानकारीमा आएकाले के कति कारण कुन पक्षले कुन माग राखी तालाबन्दी गरिएको हो ? स्पष्ट जानकारी सहितको विवरण यस कार्यालय मा पेश गर्न हुन जानकारी गराइन्छ । साथै विद्यालय को विवाद समाधान तर्फ पहल गर्नजेल सम्म स्थानीय तहमा वि.व्य.स. बैठक बसी ताला खोली र कक्षा सुचारुरुपले संचालन गर्न हुन जानकारी समेत गराइन्छ ।

का.मु. जिल्ला शिक्षा अधिकारी